# भाग ५

## नेपाल सकार

## उद्योग मन्त्रालयको सूचना

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७, चाबहिल बस्ने श्री रुचित कुमार रेग्मीले पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा ७ र २१ग. बमोजिम PILOTLESS AIRCRAFT FOR COMMERCIAL AND MILITARY USE (US PATENT No. 8,702,033 B2) नामको पेटेण्ट दर्ता गराउनु भएकोले सोही ऐनको दफा ७क. को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
जयमुकुन्द खनाल
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिरण, विराटनगरको राजस्व सदस्यमा आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत श्री रमेशराज गौतमलाई र राजस्व न्यायाधिकरण नेपालगञ्जको राजस्व सदस्यमा आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जका प्रमुख कर अधिकृत श्री नारायण सुवेदीलाई तोकेको छ ।

आज्ञाले,
भेषराज शर्मा
नेपाल सरकारको सचिव



६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।